नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# शिक्षा तथा मानव स्रोत विकास केन्द्र
(योजना तथा अनुगमन शाखा)

प.सं.: ०८१/८२
च.नं. ८९

सानोठिमी, भक्तपुर
फोन नं. ०१-६६३५१३४

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी, भक्तपुर

मिति : २०८१।०४।२१

**विषय : कार्यक्रम प्रगतिको समीक्षा एवम् शैक्षिक नीति तथा कार्यक्रम अभिमुखीकरण सम्बन्धमा ।**

श्री शिक्षा विकास तथा समन्वय इकाइ,
सबै ।

प्रस्तुत विषयमा गत आ.व २०८०/८१ को कार्यक्रमको प्रगति समीक्षा, चालु आ.व. २०८१/८२ को शैक्षिक नीति तथा मार्गदर्शन, प्रदेश र स्थानीय तहमा ससर्त अनुदानको रूपमा वित्तीय हस्तान्तरण भएका कार्यक्रम, शिक्षा विकास तथा समन्वय इकाइका कार्यक्रम कार्यान्वयन सम्बन्धमा निम्न मिति, समय र स्थानमा हुने अभिमुखीकरण कार्यक्रममा तपसिलको विवरणसहित इकाइ प्रमुखज्यू सहभागी हुन यस केन्द्रको मिति २०८१/०४/२१ को निर्णय अनुसार अनुरोध छ ।

२०८१।४।२१
प्रकाश कुमार खरेल
शाखा अधिकृत

तपसिल

**अभिमुखीकरण कार्यक्रम**

मिति : २०८१/०५/११ देखि १२ सम्म
समय : विहान ठीक ८:०० बजेदेखि
स्थान : आदर्श मा. वि. को सभाहल, मध्यपुरठिमी न.पा. सानोठिमी, भक्तपुर
२०८१।५।१३ गते शिक्षक सेवा आयोगको कार्यक्रम हुनेछ ।

अभिमुखीकरण कार्यक्रममा सहभागी हुन आउँदा अनिवार्य रूपमा ल्याउनुपर्ने विवरणहरू:

१. गत आव २०८०/८१ को शिक्षा विकास तथा समन्वय इकाइको भौतिक तथा वित्तीय प्रगति विवरण, बार्षिक स्थिति प्रतिवेदन (Hard copy र Soft copy दुवै),
२. आव २०८०/८१ को जिल्ला भित्रका सबै स्थानीय तहको बार्षिक स्थिति प्रतिवेदन र स्थानीय तहबाट तयार भइ monitoring.moest.gov.np मा अद्यावधिक गर्ने स्थानीय तहको प्रगति विवरण (Hard copy र Soft copy दुवै),
३. गत आव २०८०/८१ को प्रमाणित आर्थिक विवरण, आव २०८०/८१ को आन्तरिक लेखापरीक्षण प्रतिवेदन र सम्पन्न भएकोमा अन्तिम लेखापरीक्षण प्रतिवेदन तथा जिल्लाको बेरूजु र फछ्र्यौटको स्थितिको पछिल्लो अवस्था,
४. चालु आव ८१/८२ का लागि बेरूजु फर्छ्यौटको ठोस कार्ययोजना र सम्परीक्षण तथा फर्छ्यौटका लागि तयार भएको बेरूजु विवरण साथै असुल उपर गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेश्की बेरूजुको लगती विवरण, नियमित गर्नुपर्ने बेरूजुको नियमितसम्बन्धी विवरण र कागजात,
५. जिल्लाभित्रको दरबन्दी मिलानको अवस्था र चालु आव २०८१/८२ मा दरबन्दी मिलान कार्यसम्पन्न गर्ने कार्ययोजना,

नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

(योजना तथा अनुगमन शाखा)

प.सं.: ०८१/८२

च.नं. ७९

सानोठिमी, भक्तपुर

फोन नं. ०१-६६३५१३४

६. २०८१ श्रावण मसान्तसम्म IEMIS मा अद्यावधिक हुन बाँकी र बन्द वा समायोजन भएका विद्यालयहरूको स्थानीय तहगत विवरण (IEMIS Code सहित),

७. आव २०८०।८१ मा भाषा र गणितसँग सम्बन्धित सन्दर्भ सामग्री उपलब्ध गराइएका विद्यालय एवम् एकीकृत पाठ्यक्रमसम्बन्धी कस्टमाइज्ड तालिम (५ दिने) सञ्चालन गरेका स्थानीय तह र सहभागी सङ्ख्या,

८. जिल्लाभित्र शिक्षा क्षेत्रमा भएका असल अभ्यास र सम्भावनाहरू साथै विद्यालय शिक्षा क्षेत्रमा देखिएका मुख्य मुख्य समस्या र चुनौतीहरू ।

९. आव २०८१।८२ मा त्यस जिल्लाभित्रका स्थानीय तहबाट भएको देहायको बजेट विवरण

| प्रदेश /स्थानीय तहको नाम र जिल्ला | आ.व.२०८१।८२ को जम्मा बजेट | शिक्षा क्षेत्रमा विनियोजित बजेट | सङ्घीय / प्रदेशको ससर्त बजेट बाहेक शिक्षा क्षेत्रमा विनियोजित बजेट |
|---|---|---|---|
| | | | |

केही भए सम्पर्क: ९८४१५०४५३३, Email: planning.cehrd@gmail.com